नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**हुलाक सेवा विभाग**

बबरमहल

काठमाडौं नेपाल

फोन नं.: ०१-५३२४११६

०१-५३२४११७

फ्याक्स नं: ०१-५३२४१४३

ईमेल: psdyojana@gmail.com

planning@nepalpost.gov.np

पत्र संख्याः २०८२/०८३

च.नं.

## विज्ञप्ति

आज मिति २०८३ साल असार ९ गते मंगलबारको दिन हुलाक सेवा विभागको फिलाटेलिक कार्यक्रम, २०२६ अन्तर्गत **नेपालको पहिलो आधुनिक पुस्तकालय (त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय) र यसको स्थापनाकर्ता (Pioneer) स्व. शान्ति मिश्र** को तस्वीर अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान कार्यक्रम हुलाक सेवा विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीज्यूको अध्यक्षतामा, सूचना तथा सञ्चार मन्त्रालयका श्री सचिव लक्ष्मी कुमारी बस्नेतज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा त्रिभुवन विश्वविद्याल केन्द्रीय पुस्तकालयका प्रमुख सागर राज सुवेदीज्यू, स्व. शान्ति मिश्रका पति श्री नारायण प्रसाद मिश्र, फिलाटेलिक सोसाइटीका अध्यक्ष चन्द्र रवि श्रेष्ठको आतिथ्यता रहेको थियो।

प्रमुख अतिथि सूचना तथा सञ्चार मन्त्रालयका सचिव लक्ष्मी कुमारी बस्नेतज्यूले **नेपालको पहिलो आधुनिक पुस्तकालय (त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय) र यसको स्थापनाकर्ता (Pioneer) स्व. शान्ति मिश्र** को तस्वीर अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा गर्नुभएको थियो। कार्यक्रममा मन्तव्य राख्नुहुँदै उहाँले स्व. शान्ति मिश्रले शैक्षिक उन्नतिका लागि आधुनिक पुस्तकालयको आवश्यकतालाई उजागर गरी केन्द्रीय पुस्तकालयलाई परम्परागत पुस्तकालयबाट आधुनिक पुस्तकालयको रुपमा विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै महिला अधिकार र विकासमा लैंगिक मूलप्रवाहीकरणको क्षेत्रमा समेत स्व. मिश्रको महत्वपूर्ण योगदान रहेको धारणा व्यक्त गर्नुभयो। कार्यक्रमका अध्यक्ष एवं हुलाक सेवा विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीज्यूले त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय अध्ययन अनुसन्धानका लागि ज्ञान र सूचनाको भण्डारको रुपमा रहेको पहिलो आधुनिक पुस्तकालय भएको र यस पुस्तकालयलाई आधुनिक पुस्तकालयको रुपमा स्थापना गर्न स्व. शान्ति मिश्रले अतुलनीय योगदान पुऱ्याउनु भएकोले यस पुस्तकालयको ऐतिहासिक महत्वलाई कदर गर्दै यस पुस्तकालय र स्व. शान्ति मिश्रको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गरिएको बताउनु भएको थियो। त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय प्रमुख सागर राज सुवेदीज्यू र स्व. मिश्रका पति नारायण प्रसाद मिश्रले धन्यवाद मन्तव्य राख्नुभएको थियो। फिलाटेलिक सोसाइटीका अध्यक्ष चन्द्र रवि श्रेष्ठज्यूले शुभकामना मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा गणतन्त्र दिवस, २०८३ का अवसरमा मिति २०८३ जेठ १३ गते भक्तपुर दरवार परिसरमा आयोजना गरिएको हुलाक टिकट प्रदर्शनीमा टिकट प्रदर्शनी गर्ने फिलाटेलिस्टहरुलाई सम्मान स्वरुप कदर पत्र प्रदान गरिएको थियो। सोही अवसरमा हुलाक टिकट प्रदर्शनीमा विद्यार्थीहरुलाई प्रदर्शनी अवलोकन गर्न सहभागी गराएका विभिन्न विद्यालयहरुलाई समेत धन्यवाद स्वरुप कदर पत्र प्रदान गरिएको थियो।

कार्यक्रममा विभागका निर्देशक श्री जमुना मिश्रले स्वागत मन्तव्य राख्नुभएको थियो। निर्देशक श्री सपना कुमारी भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। प्रकाशन गरिएको हुलाक टिकटको बारे संक्षिप्त विवरण विभागका शाखा अधिकृत श्री चन्द्रा थापाले वाचन गरेर प्रस्तुत गर्नुभएको थियो भने टिकटको प्राविधिक विवरण कला अधिकृत श्री पूर्णकला लिम्बूले वाचन गर्नुभएको थियो।

सपना कुमारी भट्टराई

निर्देशक एवं प्रवक्ता